# प्रथम नगर सभामा प्रस्तुत सूर्योदय नगरपालिकाको नीति तथा कार्यक्रम

## १. भौतिक पूर्वाधार विकास नीति
## *"सुदृढ भौतिक पूर्वाधार, समृद्ध नगरको आधार"*

१. समुन्नतिको सबैभन्दा ठूलो साधनको रुपमा रहेको भौतिक पूर्वाधार क्षेत्रको एकीकृत र व्यवस्थित विकासका लागि कम्तीमा पनि २० वर्षे दीर्घकालीन सोचका साथ एकीकृत नगर विकास योजना निर्माण गरी सोहि आधारमा वार्षिक नगर विकास योजना निर्माण गरि कार्यान्वयन गर्ने नीति लिइने छ।

२. भौतिक पूर्वाधारका १ करोडभन्दा माथि लागत लाग्ने पूर्वाधार निर्माण कार्य शुरु गर्नुभन्दा अगाडि त्यस्ता योजनाहरुको सम्भाव्यता अध्ययन र DPR तयार भएपछि सो को लागत लाभलाई हेरी प्राथमिकताका आधारमा निर्माण कार्य सञ्चालन गर्ने नीति लिइनेछ। प्राथमिकीकरणका आधारमा योजना छनौट गरी सम्भाव्यता अध्ययन गरी DPR तयार गर्ने नीति लिइनेछ।

३. नेपाल सरकारले नियमित रुपमा उपलब्ध गराउने नियमित अनुदान र नगरपालिकाको आन्तरिक आयको लगानी बाट मात्र ठूला भौतिक पूर्वाधारहरु (सिटी हल, बसपार्क, पशु बधशाला, शितभण्डार, रंगशाला, कवर्ड हल जस्ता) निर्माण गर्नुपर्ने जटिलतालाई ध्यानमा राखी त्यस्ता क्षेत्रहरुमा दाता संस्था, सार्वजनिक नीजि साझेदारी र लागत लाभका आधारमा नीजि तथा सामुदायिक क्षेत्रको सहयोगमा निर्माण सञ्चालन तथा हस्तान्तरण (BOOT) नीति अनुसार सञ्चालन गर्ने नीति लिइने छ।

४. भौतिक पूर्वाधार निर्माणका क्षेत्रमा नगरपालिकाले लगानीकर्ता, उत्प्रेरक, सहजकर्ता, समन्वयकर्ता, नियमक र नियन्त्रकको रुपमा भूमिका निर्वाह गर्ने नीति रहने छ।

५. निर्मित पूर्वाधारहरुको नियमित मर्मतसम्भार, सञ्चालन, संरक्षण एवं सम्वर्धन गर्न नीजि क्षेत्र तथा सामुदायिक सहकारी क्षेत्र र उपभोक्ता समितिहरुलाई प्रोत्साहित गर्ने नीति हुनेछ। साथै प्रयोगकर्ताबाट उपयोग कर संकलन गरिने छ।

६. भौतिक पूर्वाधार निर्माणलाई स्थानीय नगरवासीहरुको दिनचर्यालाई सहज बनाउँदै, आर्थिक आयआर्जन सँग जोड्दै समृद्धि तर्फ उन्मुख गरिने नीति लिइनेछ।

७. पर्यावरणलाई ध्यानमा राखी नगर स्तरीय विकास निर्माण मापदण्डलाई अध्यावधिक गरी कडाईका साथ पालना गरिनेछ।

८. बढि भन्दा बढि जनसहभागिता जुट्ने योजनाहरुलाई प्राथमिकताका साथ अगाडी बढाइने छ।

९. भौतिक पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत सञ्चालन हुने भौतिक पूर्वाधारका योजनाहरुमा वडा स्तरमा ५ लाख र नगर स्तरमा २५ लाख भन्दा कम लागतको कार्यक्रम सञ्चालन गर्न नपाइने व्यवस्थालाई निरन्तरता दिइने छ।

१०. पेश्की शुन्य अभियानका लागि पेश्की दिने कार्यलाई निरुत्साहित गरि प्राविधिक मूल्याङ्कनका आधारमा भुक्तानी दिइने नीति अवलम्बन गरिने छ, तर स्वीकृत खरिद योजना बमोजिम निर्माण सामग्री खरिद गर्नु पर्ने भई उपभोक्ताको लागत सहभागिता नगदै रकम नगरपालिकामा जम्मा गरेमा पेश्की उपलब्ध गराउन सकिने छ।

११. उपभोक्ता समिति गठन, परिचालन र अन्य काम कारबाहीको परिप्रेक्षमा सूर्योदय नगरपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि - २०७४ लाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

### २. सडक तथा यातायात तर्फ
### *"बाह्रैमास यातायात सञ्चालनको अवस्था: नगरवासीको दिनचर्यामा सहजता"*

१. नगरस्तरीय यातायात गुरुयोजनालाई समय सापेक्ष अध्यावधिक गरिनेछ।

२. विकासको आधारभूत अंगका रुपमा रहेको सडकहरुमा सानोतिनो रकम लगानी गरी निरन्तर एउटै काम र स्थानलाई दोहोऱ्याई रहने परम्परालाई अन्त्य गर्दै न्यूनतम शहरी सुविधा तथा वडाहरुको भौगोलिक सन्तुलनलाई समेत ध्यानमा राखी जिल्ला स्तरीय तथा नगरस्तरीय यातायात गुरुयोजनामा परेका सडकहरुलाई प्राथमिकताका आधारमा DPR तयार गरी क्रमश: बाऱ्है महिना सञ्चालन हुनेबाट कालोपत्रे बनाउने नीति लिइने छ।

३. नगरपालिका भित्र सडक सञ्जाल निर्माण गर्दा स्थानीय स्तरमा उत्पादनको पकेट क्षेत्र र पर्यटन प्रवर्द्धनलाई आधार लिइनेछ।

४. सडक निर्माण गर्दा पर्यावरण पानीका मूहानहरुलाई संरक्षण र प्रवर्द्धन गर्दै एकीकृत रुपमा निर्माण कार्य अगाडि बढाइने छ।

५. वडा कार्यालयबाट नगरपालिका सम्म जोड्ने सडकलाई सडकको मापदण्ड अनुसार बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन प्राथमिकता दिइने छ।

६. निर्माणाधीन भित्री चक्रपथ (फिक्कल, पञ्चकन्या, कन्याम) लाई स्तरोन्नति गर्दै क्रमश: कालोपत्रे बनाउने नीति अवलम्बन गरिनेछ।

७. जिल्ला यातायात गुरु योजना र नगर यातायात गुरु योजना अनुसार सडकको क्षेत्राधिकार क्रमश: रेखाङ्कन तथा सीमाङ्कन गरिनेछ।

८. नगर क्षेत्रमा रहेको मेची राजमार्ग अत्यन्त साँघुरो भएकोले यसलाई  चार लेनको सडक निर्माण गर्न गराउन पहल गरिनेछ।

९. सडकमा निर्वाध रुपमा आवतजावत गर्न अवरोध श्रृजना गर्ने कार्य (सडक निर्माण सामग्री राख्ने, गोलिया, काठ थुपार्ने, सडक मिचेर घरटहरा बनाउने, पाली गाँस्ने, पसल थाप्ने) जस्ता कार्यहरुलाई निरुत्साहित गरिनेछ। अटेर गरी अवरुद्ध गर्ने कार्यलाई दण्ड जरिवाना सँग आवद्ध गरिनेछ।

१०. जिल्ला यातायात गुरुयोजना र नगर यातायात गुरुयोजनामा समावेश भएका तर मापदण्ड अनुसार कार्य गर्न अवरोध खडा हुने गरिने सडकमा लगानी नगर्ने नीति अवलम्बन गरिनेछ।

११. ट्रयाक खोलिसकेका तर मौसमी रुपमा रहेका सडकहरु निर्माण कार्य गर्दा नगरपालिकाको स्वीकृत मापदण्डका आधारमा बढीमा ३० प्रतिशत माटोको काम र ७० प्रतिशत कार्य सञ्चालनमा खर्च गर्दै बाह्रैमास चल्ने सडकमा रुपान्तरण गर्ने कार्यक्रम स्वीकृत गरीगराई निर्माण कार्य सञ्चालन गर्ने नीति लिइनेछ।

१२. सडक निर्माण गर्दा नयाँ ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गर्दै भइरहेका सडकहरुलाई स्वीकृत मापदण्डका आधारमा स्तरोन्नतिमा जोड दिइनेछ। नगरको समग्र विकासमा नया ट्रयाक खोल्न अति आवश्यक देखिएमा जिल्ला यातायात गुरु योजना र नगर यातायात गुरु योजनाको प्राथमिकतामा परेको सडकको मात्र नयाँ ट्रयाक खोल्ने काम गरिनेछ। यसरी ट्रयाक खोल्दा यातायात सेवा सञ्चालन भएको खण्डलाई जोड्ने प्रवेशबिन्दु देखि मात्र क्रमश: निर्माणकार्य गरिनेछ।

१३. ट्राफिक व्यवस्थालाई सहज सरल बनाउँदै सम्भावित सडक दुर्घटनालाई न्यूनिकरण गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ।

१४. स्थानीय तहको निर्माण पछि यस नगरपालिकाको क्षेत्र विस्तार भएकोले भौगोलिक अवस्थालाई मध्यनजर राखी सबै वडाहरुलाई समेट्ने गरी सूर्योदय नगर बाह्य चक्रपथको सम्भाव्यता अध्ययन गरिनेछ।

१५. नगरपालिका क्षेत्रभित्रको यातायात सेवालाई भरपर्दो र दिगो रुपमा सञ्चालन गर्न नीजि/सहकारी क्षेत्रको सहयोगमा नगर बस सञ्चालन गर्न अध्ययन गरिनेछ।

१६. मूल सडक, नगरस्तरीय सडकको मापदण्डलाई ध्यानमा राखी व्यवस्थित गर्दै लगिनेछ।

१७. हाल सञ्चालनमा रहेका DPR नबनेका सडकहरु प्राविधिक (इन्जिनियरिङ) दृष्टिबाट उपयुक्त भए नभएको यकीन गरी अनुपयुक्त स्थानमा सुधार गर्नेगरी मात्र थप लगानी  कार्य गरिनेछ। सुधार गर्न नसकिने रहेछ भने लगानी नगर्ने नीति अवलम्बन गरिनेछ।

१८. नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका यात्रुवाहक सवारी साधनहरुले लिने गरेको यात्रु भाडा दर दूरीका आधारमा नभएको लगायतका यात्रु भाडाका समस्याहरुलाई सम्बन्धित सरोकारवालाहरुको समेत सहयोगमा समाधान गर्ने नीति लिइनेछ।

## ३. खानेपानी

***"जलश्रोत संरक्षणको अभियान: मानव जीवनको पहिचान"***

१. स्थानीय स्तरमा रहेका पानीका मुहानहरुकोसंरक्षण सम्वर्द्धन र प्रयोग गर्न तथा टोल बस्तीका पानीका परम्परागत मुहानहरुलाई स्वच्छ र सफा राख्न प्रत्येक वडा समितिको अगुवाईमा टोल विकास संस्था, सामुदायिक संघ संस्था तथा समुदाय परिचालन गर्ने नीति अवलम्बन गरिनेछ।

२. सञ्चालनमा रहेका खानेपानी योजनाहरुको दिगो सञ्चालन, मर्मत सम्भार, क्षमता अभिवृद्धि तथा पुन निर्माण जस्ता कार्य उपभोक्ताहरुको समेत लगानी तथा सहभागितामा सञ्चालन गरि गराई आधारभूत खानेपानी सेवाको सुनिश्चितता गर्न र खानेपानी सेवा नपुगेका टोल बस्तीमा खानेपानी सेवा पुर्याउने कार्यका लागि योजना तथा कार्यक्रम सम्बन्धित निकाय/संस्थासँगको साझेदारीमा गरिनेछ।

३. गल्छी खोल्साबाट बग्ने पानीलाई सोहि ठाउँमा अड्याउन प्राकृतिक छेकबारका कार्यक्रम स्थानीय समुदायको अग्रसरतामा सञ्चालन गर्ने नीति लिइनेछ।

४. पानीका मुहान भन्दा माथि विषादीको प्रयोग गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।अटेर गरी त्यस्तो कार्य गर्नेलाई दण्ड जरिवानासँग आबद्ध गरिनेछ।

५. घरघरमा आकाशेपानी संकलनका लागि प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।

६. टोलबस्तीमा रहेका सानातिना पोखरीहरु टोल विकास संस्था तथा समुदायको अगुवाईमा संरक्षण गर्ने अभियान सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

७. खानेपानी मुहानको २० मिटर वरपर कुनैपनि किसिमको रुख, बिरुवा काट्न हटाउन नपाउने गरी समुदायकै सहयोगमा कडाईका साथ पालना गर्ने गराउने नीति अवलम्बन गरिनेछ।

८. समुदायले प्रयोग गरिरहेको खानेपानीको मुहान कसैको नम्बरी आवादी भित्र नै पर्दो रहेछ भने नगर कार्यपालिका/वडा समितिसँग वैकल्पिक व्यवस्था गरी स्वीकृति नलिई मास्ने वा निषेध गर्न पूर्ण प्रतिबन्ध लगाइनेछ।

९. सडक लगायतका भौतिक पूर्वाधारका संरचनाहरु निर्माण गर्दा गराउँदा पानीको मूल र श्रोतलाई हुन सक्ने हानी क्षतिलाई न्यूनिकरण गर्ने उपायहरु सँगसँगै अवलम्बन गर्ने नीति लिइनेछ।

१०. नगरपालिका ऋण जमानत बसेका खानेपानी आयोजनाहरुका उपभोक्ता समिति (सञ्चालक समिति) मा नगर कार्यपालिका पदेन सदस्य रहने व्यवस्था हुने नीति लिइनेछ।

११. यस नगरपालिकाको ठूलो क्षेत्र ओगट्ने गरी खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, इलामद्वारा सञ्चालन प्रक्रियामा रहेको जोगमाई वृहत खानेपानी योजनाको निर्माण कार्य समयमै सम्पन्न गर्नआवश्यक सहयोग, समन्वय एवं हस्तक्षेपकारी नीति अवलम्बन गरिनेछ।

१२. यस नगरपालिकाको वडा नं. १ लाई पानीको संरक्षित उद्गम तथा संरक्षित क्षेत्रको रुपमा संरक्षण, सम्वर्द्धन र विकास गर्न विज्ञहरु मार्फत एकीकृत सम्भाव्यता अध्ययन गरी गुरुयोजना निर्माण गरी क्रमश: कार्यान्वयन गर्ने गराउने नीति अवलम्बन गरिनेछ।

१३. वडा नं. ६, ७, ८, ११, १२, १३ र १४ र वडा नं. १ को ध्वजे क्षेत्रलाई सुख्खा क्षेत्र घोषणा गरी खानेपानीको आयोजनालाई तत्काल शुरु गर्न पहल गरिनेछ।

## ४. विद्युत तथा वैकल्पिक उर्जा

***"उज्यालो नगर हाम्रो अभियान, झिलीमिली सोलार सडक सूर्योदयको पहिचान"***

१. हालसम्म पनि विद्युत सेवा नपुगेका टोल बस्तीहरुमा विद्युत प्राधिकरणसँग समन्वय गरि विद्युतीकरण गरिनेछ।

२. राष्ट्रिय प्रशारण विद्युत विस्तार गर्दा तुलनात्मक रुपमा महंगो पर्ने टोल, बस्ती घरहरुमा उज्यालो बनाउन सरोकारवालाहरुको समेत सहभागितामा वैकल्पिक उर्जा (सौर्य उर्जा) को विस्तार गरिनेछ।

३. तीन वर्षभित्र प्रत्येक नगरवासीको घरघरमा उज्यालोको लागि प्रयोग गरिने परम्परागत साधन (टुकी, मैनबत्ती र दियालो आदि) प्रतिस्थापन गरि सकिनेछ।

४. विद्युत प्राधिकरणसँग समन्वय गरी समुदाय समेतको लागत सहभागितामा चार वर्षभित्र काठका बिजुली पोल प्रतिस्थापन गरि सकिनेछ।

५. पर्यटकीय क्षेत्र, सार्वजनिक महत्वका भवन तथा स्थान, बजारक्षेत्र, कालोपत्रे सडक क्षेत्रभित्रका टोलबस्ती समुदायको साझेदारीमा सौर्य सडक बत्ती जडान गर्ने नीति अवलम्बन गरिनेछ।

६. नेपाल विद्युत प्राधिकरणको सूर्योदय नगरपालिकामा रहेको शाखालाई वितरण केन्द्रको रुपमा स्तरवृद्धि गर्न पहल गरिनेछ।

७. विद्युत प्राधिकरण सँग समन्वय गरी नगरवासीहरुले वडा कार्यालयहरुबाटै विद्युत महशुल बुझाउन सक्ने अवस्था श्रृजना गरिनेछ।

८. विद्युतको केन्द्रीय प्रशारण तथा वैकल्पिक उर्जा शक्तिलाई नगरवासीको दैनिक आवश्यकता तथा उद्यम विकास सँग आबद्ध गर्ने नीति अवलम्बन गरिनेछ।

९. वैकल्पिक उर्जाका सम्भावनाहरुलाई पहिचान गरी प्रयोगमा ल्याउने नीति लिइनेछ।

१०. नगरपालिका क्षेत्रभित्र विद्युत उत्पादन गर्न गराउन आवश्यकता अनुसार सहजीकरण तथा समन्वय गर्ने नीति अवलम्बन गरिनेछ।

११. विद्युत हाइटेन्सन लाइन मुनि कुनैपनि भौतिक संरचना निर्माण गर्न निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।

१२. राष्ट्रिय सम्पत्तिको रुपमा रहेको अत्यन्त सम्वेदनशील हाईटेन्सन लाइनको विद्युतको पोल भएको दुई मिटर वरिपरि कुनैपनि किसिमको खनजोत गर्न पूर्ण निषेध गर्ने नीति अवलम्बन गरिनेछ।

१३. बजार क्षेत्रमा रहेको विद्युत वितरणको तारलाई इन्सुलिन तारमा परिणत गर्न सम्बन्धित निकायसँग पहल गरिनेछ।

## ५. बस्ती विकास तथा भूकम्प प्रतिरोधी भवन निर्माण

***"व्यवस्थित बस्ती, भूकम्प प्रतिरोध भवन निर्माण, हाम्रो अभियान"***

१. राष्ट्रिय भू-उपयोग नीतिका आधारमा कम्तीमा २० वर्षे दीर्घकालीन सोच सहित राष्ट्रिय सहरी विकास नीतिभित्र रही बस्ती विकासको कार्यक्रम सञ्चालन गर्ने गराउने नीति अवलम्बन गरिनेछ।

२. राष्ट्रिय शहरी विकास नीतिलाई अवलम्बन गरी व्यक्ति/समुदायको अग्रसरतामा बस्ती विकासको कार्यक्रम सञ्चालन गरे गराएमा, त्यस्तो कार्यलाई प्रोत्साहित गर्न प्राविधिक तथा भौतिक पूर्वाधार निर्माणमा सहयोग तथा लगानी गर्ने नीति अवलम्बन गरिनेछ।

३. जतासुकै बस्ती विकासका लागि प्लटीङ गरी अव्यवस्थित बस्ती विकास गर्ने कार्यलाई निरुत्साहित गरिनेछ।

४. नगर कार्यपालिकाले निश्चित क्षेत्र छनौट एकीकृत पकेट क्षेत्रको विकास गर्न निर्धारण गरेकोक्षेत्रको मुल सडक सँग जोडिएका जग्गाहरुको ५०० मिटरको दूरी सम्म एक रोपनीभन्दा घटी कित्ताकाट गरी किनबेच गर्न पूर्ण प्रतिबन्ध लगाउने नीति अवलम्बन गरिनेछ। (फिक्कल-पशुपतिनगर सडकको दायाँबायाँको क्षेत्र)

५. जिल्लास्तरीय यातायात गुरुयोजना र नगरस्तरीय सडक गुरुयोजनामा उल्लेख भएका जिल्लास्तरीय सडक र नगरस्तरीय सडकमा जोडिएका जग्गा घरघडेरीका लागि कित्ताकाट गरी किनवेच गर्दा त्यस्तो सडकसँग जोडिएको जग्गा र सो देखि

३०० मिटरको दूरीसम्म १९०.७८ वर्ग मिटर (६ आना) भन्दा घटी कित्ताकाट गरी किनवेच गर्न रोक लगाइने नीति अवलम्बन गरिनेछ।

६. नगरपालिकाको क्षेत्रभित्र निर्माण गरी नीजि, सामुदायिक लगायतका सबै किसिमका भवन निर्माणका लागि भवन निर्माण मापदण्डलाई पूर्ण पालना गरी गराई भूकम्प प्रतिरोधी भवन निर्माण गर्ने गराउने नीति कडाईका साथ पालना गर्ने गराइने छ।

७. भवन निर्माण मापदण्ड लागु हुनुभन्दा अगाडि निर्माण भएका घरहरुलाई भवन निर्माण मापदण्डमा उल्लेख भएको व्यवस्था अनुसार घर अभिलेखीकरण कार्य अभियानको रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

८. तालिमप्राप्त कालिगढहरुबाट मात्र घर निर्माण गर्ने गर्न गराउन कालिगढ तालिम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

९. तालिमप्राप्त कालिगढहरु सूचिकृत गरिनेछ।

१०. घर निर्माण गर्दा अनियन्त्रित रुपले पहाड खार्ने प्रवृतिलाई निरुत्साहित गर्दै त्यसबाट हुने क्षतिको जिम्मेवार जमिन खार्नेलाई बनाइने छ।

११. जमिनको बनौट अनुसार नै घर निर्माण गर्नेलाई घरनक्सा पास गर्दा १५% दस्तुर छुट दिने नीति अवलम्बन गरिनेछ।

## ६. पर्यटन प्रवर्द्धन तथा संस्कृति नीति

***" हाम्रो संस्कार : पाहुनाको सत्कार "***

१. नगरक्षेत्र भित्र पर्यटकीय सम्भावनाका क्षेत्रहरु (चिया पर्यटन, पर्यापर्यटन, धार्मिक पर्यटन,कृषि पर्यटन आदि) र सम्भावित पर्यटकीय स्थलहरु खोजी तथा विकास गर्दै सहज पहुँचको अवस्था सिर्जना गरिनेछ।

२. यस नगर क्षेत्रभित्र रहेको देशविदेशमा विगत देखि नै चिनिएको कन्याम लगायत अन्तु, पञ्चकन्या, गोर्खे, गुफापातल आदि क्षेत्रको व्यवस्थित विकास र व्यवस्थापन गरिनेछ।

३. यस नगरलाई आकर्षक पर्यटकीय क्षेत्र निर्माण गर्न सरोकारवाल संघसंस्था, निकायको सहयोग र समन्वयमा पर्यटकहरुको प्रस्थान केन्द्रको रुपबाट गन्तव्य स्थानको रुपमा विकास गरिने छ।

४. सम्भावना, सहजता र पहुँचताका आधारमा होम-स्टे प्याकेज सञ्चालन गर्ने गराउने नीति लिइनेछ।

५. सरोकारवाला निकाय, संस्थाको सहयोग तथा सहकार्यमा कम्तीमा पनि पशुपतिनगर, कन्याम र फिक्कल क्षेत्रमा पर्यटन सूचना केन्द्र सञ्चालन गर्ने गराउने नीति लिइनेछ।

६. समुदाय व्यवस्थित वनभोज स्थल र चियावगान चौतारी तथा दृष्यावलोकन व्यवस्थापन कार्यका लागि आवश्यक सहयोग र सहजीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

७. पर्यटकमैत्री बानी व्यवहार सुधार सीप तथा तालिमका कार्यक्रमको सञ्चालन गर्ने गराउने नीति अवलम्बन गरिनेछ।

८. होम-स्टे (घरबास) को आचारसंहिता निर्माण गरि गराई स्थानीय उत्पादनसँग आबद्ध गर्ने गराउने नीति लिइनेछ।

९. यस नगरभित्र रहेका सबै जातजाति समुदायको भाषा, कला, संस्कार, संस्कृति, ऐतिहासिक धार्मिक स्थलहरु यस नगरका साझा सम्पत्ति भएकोले यिनीहरुको संरक्षण, प्रवर्द्धन र विकासमा समान व्यवहार गर्ने नीति लिइनेछ।

१०. ऐतिहासिक, धार्मिक तथा पुरातात्विक मठ, मन्दिर, गुम्बा, विहार आदिको संरक्षण तथा उपयोगलाई सम्बन्धित क्षेत्रको आयआर्जन सँग अन्तर सम्बन्धित गर्ने नीति अवलम्बन गरिनेछ।

११. सामुदायिक वनभोजस्थलको पहिचान गरी टोलटोलसम्म आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।

१२. पर्यटन पथको अध्ययन गरि कार्यान्वयनमा ल्याइनेछ।

१३. Rock Falls Garden को निर्माण गरी पर्यटन प्रवर्द्धनमा नौलो आयाम थप्न अध्ययन गरिनेछ।

१४. कन्याम र थलथले पोखरीको गुरुयोजना कार्यान्वयनमा ल्याइनेछ।

१५. पर्यटकहरुको प्रवेशद्वारमा पर्यटन व्यवसायीहरु सँगको साझेदारीमा पर्यटन सूचना केन्द्र क्रमशः सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

## ७. उद्योग, वाणिज्य तथा बजार व्यवस्थापन नीति

***"उद्योगको विकास, स्वच्छ व्यापार: उचित मूल्य, गुणस्तरीय वस्तु उपभोक्ताको अधिकार"***

१. स्थानीय तहमा उत्पादन हुने कच्चा पदार्थ प्रयोग गरेर वस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्न समन्वय, सहजीकरण प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

२. पर्यटक र पर्यटनसँग सम्बन्धित उद्योगधन्दा, होटल तथा सेवा उद्योगहरु स्थापनामा प्रोत्साहित गर्ने नीति लिइनेछ ।

३. दश जना भन्दा बढी मानिसलाई रोजगार दिने गरी स्थापना हुने उद्योगहरु स्थापना गर्ने उद्योग सम्म पुग्ने सडक, विद्युत, खानेपानी तथा सुरक्षा जस्ता आधारभूत पूर्वाधार निर्माण गर्न सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

४. बिस जना भन्दा माथिको संख्यामा रोजगार दिने पर्यटन उद्योगले रोजगारी दिएका व्यक्तिहरुमा सूर्योदय नगरपालिका भित्रका ५०% वा सो भन्दा बढी मानिसहरुलाई रोजगारी दिएमा नगरपालिकालाई त्यस्तो उद्योगले बुझाउनु पर्ने करमा २५% सम्म छुट दिने नीति अवलम्बन गरिनेछ ।

५. साना तथा लघु उद्योगहरुको स्थापना तथा विकासलाई सहज किसिमले स्थापना गर्ने तथा वित्तीय श्रोत सहज ढंगबाट उपलब्ध गर्ने गराउने कार्यमा पहल गर्ने नीति लिइनेछ ।

६. स्थानीय स्तरमा रहेका सहकारीसँग भएको पूँजीलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

७. सहकारीहरुलाई कार्यको प्रकृतिलाई ध्यानमा राखी उत्पादनमुलक उद्योग स्थापना तथा सञ्चालन तर्फ उन्मुख गर्ने गराउने नीति लिइनेछ ।

८. उद्योग व्यापारका लागि आवश्यक पर्ने पूँजी सहुलियत व्याजदरमा सहज ढंगबाट प्राप्त गरी सहुलियतपूर्ण ब्याजदरमा उद्योगधन्दा तथा व्यापारका लागि प्राप्त गर्न गराउन सहकारी संस्थामार्फत उपलब्ध गर्ने गराउने व्यवस्था मिलाउन सहजीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

९. उद्यम गर्न चाहने तर पूँजीको अभावमा उद्यम सञ्चालन गर्न नसकेका युवाहरुलाई लक्षित गरी नगरपालिकाले एक कोष खडा गरी "हामी उद्यम आफ्नै पौरखमा गर्दछौं" कार्यक्रम कार्यविधि बनाई कार्यान्वयन गर्ने नीति रहने छ ।

१०. नगर क्षेत्रभित्रका साप्ताहिक हाटबजारहरु लाई क्रमश: व्यवस्थित तथा स्तरोन्नति गर्ने नीति लिईनेछ ।

११. उपयुक्त स्थानको खोजी गरी सब्जी मण्डी र मासु पसलहरुको छुट्टाछुट्टै व्यवस्थापन गरिनेछ ।

१२. बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबै पसल, होटल, लजले दैनिक मूल्यसूची उपभोक्ताले सहज रुपमा देख्न सक्ने गरी राख्नुपर्नेछ । सामानैपिच्छे मूल्य फरक पर्ने सामग्रीहरुमा प्रत्येक सामानमा बुझिने गरी मूल्यट्याग लगाउनुपर्ने छ ।

१३. प्रचलित कानून बमोजिम स्वीकृति नलिएका, दर्ता नभएका पसलहरुलाई अनिवार्य रुपमा दर्ता गराउन समय उपलब्ध गराइनेछ । सो समयमा पनि दर्ता नगर्ने पसलहरुलाई बन्द गरिनेछ ।

१४. नगरपालिकाले बजार व्यवस्थापन तथा अनुगमन सम्बन्धी कानुन तथा कार्यविधि नबनाउन्जेल नेपाल सरकारद्वारा निर्मित प्रचलित कानुन अनुसार प्रत्येक पसल, होटल लज सञ्चालन विक्री वितरण भएको छ छैन भनी चेक लिष्ट तयार गरी नगर कार्यपालिकाबाट स्वीकृत गरी स्थानीय प्रशासनको सहयोगमा नियमित अनुगमन गरी गराई सोही कानून बमोजिम कारबाही अगाडि बढाउने नीति रहनेछ ।

१५. विद्यालय, क्याम्पस, मठमन्दिर लगायतका तोकिएका सार्वजनिक महत्वका स्थानको दुई सय मिटर भित्र कुनैपनि किसिमको चिजवस्तु बेचविखन गर्ने पसलमा मदिरा तथा सूर्तीजन्य पदार्थको विक्री वितरणमा पूर्ण प्रतिबन्ध लगाइनेछ ।

१६. दैनिक उपभोग्य वस्तु खाद्य सामाग्री बेचविखन गर्ने पसलमा मदिरा किनबेचलाई पूर्ण प्रतिबन्ध लगाइने छ ।

१७. मदिरा, सूर्ती, सूर्तीजन्य पदार्थ, गुटखा लगायतका सामग्री ६ महिनाभित्र किनवेचलाई नियमन व्यवस्थापन गरिने छ । साथै चुरोट खिल्ली किनबेच गर्न र १८ वर्षभन्दा मुनिका बालबालिका र गर्भवती महिलालाई मदिरा तथा सूर्तीजन्य सामग्री किनवेचमा पूर्ण प्रतिबन्ध लगाइनेछ ।

१८.	चिकित्सकको सल्लाहबिना कुनैपनि किसिमको एन्टी बायोटिक औषधी बेचविखन गर्न रोक लगाइनेछ। उल्लंघन गर्नेलाई पसलसम्म बन्द गरी कारवाही  गर्ने नीति अवलम्बन गरिनेछ।

१९.	घरभाडामा लिई बस्ने तथा व्यापार व्यवसाय गर्न तथा घरभाडामा लगाउने बीच अनिवार्य रुपमा सम्झौता गर्नु गराउनु पर्नेछ। यस्तो सम्झौताबिना घर भाडा दिने र लिने विच कुनैपनि किसिमको विवाद तथा कुनै कारणले क्षति भएमा नगरपालिकाले कुनैपनि किसिमको सहयोग तथा तथा मुल्यांकन नगर्ने नीति अवलम्बन गरिनेछ।

२०.	उद्योगी तथा व्यापारीहरुको सहयोग र सहजताका लागि आन्तरिक राजश्व कार्यालयसँग समन्वय गरी प्रत्येक आ.व. को पहिलो चार महिनाभित्र कर बुझ्ने बुझाउने, लेखा नम्बर (PAN, VAT) उपलब्ध गराउने तथा करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने गराउने नीति रहनेछ।

२१.	नगरस्तरीय उद्योग वाणिज्य संघ र उपभोक्ता हित संरक्षण मञ्च स्थापना गर्न समन्वय तथा सहजीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

२२.	बैंक तथा वित्तीय संस्था नभएको वडाहरुमा बैंक तथा वित्तीय संस्था विस्तार गर्न प्रोत्साहित गरिने नीति रहनेछ।

२३.	वित्तीय संस्थाबाट समूह जमानीमा लगानी गर्दा व्यक्तिको ऋण साखको अध्ययन विश्लेषण गरेर मात्र लगानी गर्न गराउन पहल गरिनेछ।

२४.	नगरपालिकाभित्रको खानी तथा खनिजको अध्ययन तथा सम्भाव्यता बारेमा खोज अनुसन्धान शुरु गर्न पहल गर्ने नीति अवलम्बन गरिनेछ।

## ८. सूचना तथा सञ्चार

***"सूचना तथा सञ्चार : नागरिकको मौलिक अधिकार"***

१.	टेलिफोन ल्याण्डलाइन नपुगेका क्षेत्रहरुमा विस्तार गर्न सम्बन्धित निकायहरुमा पहल गरिनेछ।

२.	मोबाइल फोन सेवालाई भरपर्दो बनाउनका लागि आवश्यक रिपीटर टावरहरु स्थापना गर्न सहयोग तथा सहजीकरण गरिनेछ।

३.	एफ.एम. रेडियो स्थापना तथा सञ्चालनमा प्रोत्साहित गरिनेछ।

४.	नेपाल टेलिकमको ल्याण्डलाइन तार, इन्टरनेट सेवा प्रदायकका तार तथा टिभी केवलका तारहरुलाई नगरको सौन्दर्यता नबिगार्ने गरी जमिनमूनिबाट वितरण गर्न गराउन सम्बन्धित निकाय तथा सञ्चालकहरुलाई सहयोग, समन्वय र सहजीकरण गरिनेछ।

५.	नगरपालिकालाई क्रमश: Free WiFi Zone बनाउँदै लगिनेछ। नगरमा रहेका सबै सरकारी कार्यालयहरुको कामलाई Online मार्फत गरी गराई सूचना प्रविधिलाई सेवाग्राहीको पहुँचमा पुर्याउने नीति रहने छ।

६.	नागरिकको सूचना सम्बन्धी हकलाई कार्यान्वयन गर्न बनेको ऐनलाई पालना गरिनेछ।

७.	नगरपालिकाको कार्यालयभित्रै ई-लाइब्रेरी स्थापना गरी सर्वसाधारणको पहुँचमा ल्याइनेछ।

८.	कृषकहरुको समूह या सहकारीहरुलाई  सूचना तथा सञ्चारमा आबद्ध गर्न इ-एग्रीकल्चर सेन्टर स्थापना गर्दै जाने नीति लिइनेछ।

## ९. कृषि तथा पशुपंछी विकास सम्बन्धी नीति

***"व्यावसायिक पशुपन्छी र कृषि : नगरवासीको  समृद्धि"***

कृषि र पशुपन्छीलाई उद्योग र सहकारी एवं समूहहरुलाई उद्योगी बनाउने नीति लिइनेछ।

<u>कृषि</u>

१.	नगरको कृषिक्षेत्रमा जलवायु र जमिनको उर्वरता अध्ययन गरी बालीहरुको पकेट क्षेत्र निर्धारण गरी सोही अनुसार कृषि उत्पादनमा विविधीकरण गर्न प्रोत्साहित गरिनेछ।

२. प्रत्येक किसानको खेतबारीको माटोको अवस्था कस्तो छ भनि माटो परीक्षण तथा माटो उपचार कृषकहरुको समेत साझेदारीमा अभियानको रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

३. कृषि व्यवसायलाई आधुनिकीकरण गर्न कृषियन्त्रहरुको प्रयोगलाई प्रोत्साहन गर्न अनुदानमा आधारित कृषि यन्त्र उपलब्ध गराउँदै जाने नीति अवलम्बन गरिनेछ।

४. सिचाँई प्रणाली तथा कार्यक्रमलाई कृषि योग्य जमिनसँग आबद्ध गराउने नीति अवलम्बन गरिनेछ।

५. प्रत्येक कृषकलाई आफ्नो जमिनमा कुन मौसममा कुन बाली लगाउन सकिन्छ भन्ने कुराको निश्चितता प्रदान गर्ने व्यवस्था मिलाउने नीति अवलम्बन गरिनेछ।

६. कृषि अनुदानलाई उत्पादन परिणाममा आबद्ध गर्ने नीति लिइनेछ।

७. कृषिबालीमा रसायनिक मल र विषादीलाई प्रतिस्थापन गर्दै लैजान जैविक मल र जैविक विषादीको प्रयोगलाई प्रोत्साहित गर्न चालु आ.व. बाटै एउटा वडालाई जैविक बाली उत्पादन क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ। त्यस्तो वडामा एक घर एक मौरीघार अभियानलाई आबद्ध गरिनेछ।

८. कृषकहरुलाई समूह वा सहकारीमा आबद्ध गरी कृषक पाठशाला सञ्चालन गर्ने गराउने व्यवस्था गरिनेछ।

९. यस नगरक्षेत्रमा उत्पादन हुने कृषिजन्य उत्पादनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन गर्न सूर्योदय नगरको मौलिक चिन्ह (लोगो) तयार गरिनेछ।

१०. एक वडा एक कृषि प्राविधिक कार्यक्रमलाई व्यावसायिक कृषि प्राविधिकलाई कृषकहरुको समूह/सहकारीमा आबद्ध गरी क्रमश: विस्तार गर्ने नीति अवलम्बन गरिनेछ।

११. कृषि उपज संकलन केन्द्र, कृषि थोक बजार तथा कृषि उत्पादनको Buffer Stock Operation सरोकारवालाहरुको सहयोगमा निर्माण सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

१२. कृषि पेशामा हुने जोखिम न्यूनिकरण गर्न कृषि बीमा गर्न गराउन प्रोत्साहित गरिनेछ।

१३. वडा नं. १ गोर्खेमा ट्राउट माछापालनको सम्भाव्यता अध्ययन गरिनेछ।

१४. कृषकलाई एकीकृत सेवा प्रदान गर्न किसान कल सेन्टरको अध्ययन गरी स्थापना गर्ने नीति अवलम्बन गरिनेछ।

१५. चिया नै चियाको नगरपालिका भनेर चिनिने यस नगरपालिका क्षेत्रभित्र उत्पादन हुने तयारी चियालाई प्राङ्गारिक चियामा रुपान्तरण गर्ने नीति अवलम्बन गरिनेछ।

१६. अर्गानिक अर्थोडक्स चिया लिलाम केन्द्र स्थापना गर्न पहल गरिनेछ।

१७. साना चिया किसानहरुको समूह निर्माण गरी सहकारी संस्थाहरु मार्फत प्राविधिकसेवा उपलब्ध गराउने वातावरण सिर्जना गरिने छ।

१८. साना साना टुक्रामा विभाजित चिया वगानहरुलाई चिया कृषकहरुको सहकारी निर्माण गरी जग्गाको चाक्लाबन्दी गरी ठूलो परिणाममा चिया उत्पादन गर्ने क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

१९. सरोकारवालाहरुको सहयोग र समन्वयमा हरियो पत्तीको मूल्य निर्धारण गर्न समन्वय र सहजीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

२०. इलामको पहिचानको रुपमा रहेको अलैंचीको विकास प्रवर्द्धन उत्पादन वृद्धि प्रशोधन तथा प्याकेजिङका क्षेत्रमा अलैंची विकास केन्द्रको सहयोग र समन्वयमा सरोकारवालाहरुको समेत लगानी साझेदारीमा गुणस्तरीय उत्पादन वृद्धि गर्ने गराउने तर्फ उन्मुख गर्ने गराउने नीति रहने छ।

२१. व्यावसायिक रुपमा उत्पादन हुने कृषि तथा पशुजन्य उत्पादनलाई औद्योगिकरण गर्न प्रोत्साहित गर्ने नीति रहने छ।

२२. सूर्योदय नगरपालिका क्षेत्रमा रहेको चिया विस्तार आयोजनालाई चियाको अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने र यस क्षेत्रमा प्राविधिक शिक्षा पढाई हुने विषयहरुमा चिया समेत थप गरी सञ्चालन गर्न अध्ययन गरिनेछ।

२३. इलामकै लोप हुँदै गइरहेको पुत्काको महको उत्पादनमा जोड दिन विशेष कार्यक्रम ल्याइनेछ।

२४. कफी खेतीको निम्ति माटो र हावापानीको परिक्षण गरी थप अध्ययन गरिनेछ।

२५. प्रधानमन्त्री आधुनिक कृषि परियोजना अन्तर्गत सञ्चालित कार्यक्रमहरुलाई प्राथमिकता र प्रभावकारी ढंगले कार्यान्वयन गर्ने नीति लिइनेछ।

२६. कृषि योग्य जमिनमा चाक्लाबन्दी तथा गह्रा सुधार कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

<u>पशुपन्छी विकास</u>

१. पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याउने पशु व्यवसायलाई विविधीकरण, व्यवसायीकरण, आयमुलक र सम्मानित पेशाको विकास गरी नगरको उत्पादनमा नै योगदान पुऱ्याउने नीति अवलम्बन गरिनेछ।

२. निर्वाहमुखी पशुपन्छी पालनलाई व्यवसायको रुपमा विकास गर्ने गराउने नीति लिइनेछ।

३. व्यावसायिक पशुपन्छी पालन र त्यसको श्रोत विकास तथा संरक्षण सेवा तथा बजार व्यवस्थापनमा नीजि, समुदाय तथा सरकारी क्षेत्रलाई संलग्न गराउने नीति अवलम्बन गरिनेछ।

४. पशुपन्छी पालनको पकेट क्षेत्र निर्धारण गरी जलवायु तथा आहाराको उपलब्धता र सम्भावनालाई ध्यानमा राखी पशुपन्छी पालन व्यवसायको विविधीकरण गरी व्यावसायिक उत्पादनलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।

५. पशु बधशाला स्थापना र सञ्चालन निजी क्षेत्रबाट गर्न गराउन आवश्यक पूर्वाधारको विकासमा सहयोग उपलब्ध गराउने नीति लिइनेछ।

६. पशुपन्छी पालन व्यवसाय र पशपन्छी आहारा आपूर्तिलाई अन्तरसम्बन्धित रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ।

७. सहकारी वा समूह मार्फत पशु आहारा (घाँस, चारो) को विउ औषधी तथा पशु प्रजनन (कृत्रिम गर्भाधान) को सेवा प्रवाह गर्ने नीति लिइनेछ।

८. गोठ तथा खोरहरुको सुधार, गोठेमलको संरक्षण गर्ने, कम्पोष्ट र भर्मी कम्पोष्ट मल बनाउने शीप तथा प्रविधि सम्बन्धी तालिम तथा सचेतना कार्यक्रम प्राविधिक सेवा टोलटोलमा पुऱ्याउने नीति अवलम्बन गरिनेछ।

९. उन्नत नश्लको गाईको श्रोत केन्द्रको रुपमा विकास गर्न अध्ययन गरिनेछ।

१०. एक वडा एक पशु स्वास्थ्य कार्यकर्ता कार्यक्रमलाई पशुपन्छी पालक समुह/सहकारीसँग आबद्ध गरी व्यावसायिक पशु स्वास्थ्य कार्यकर्ता सेवा उपलब्ध गराउने नीति क्रमश: विस्तार गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।

११. पशुपन्छी पालकहरुले पालेका पशुपन्छीबाट निस्केको विष्टाबाट फोहर दुर्गन्ध हुन नदिने गरी गोठ तथा खोरको सुधार गर्नु सम्बन्धित पशुपन्छी पालकको कर्तव्य हुनेछ। यसलाई व्यवस्थित गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने नीति लिइनेछ।

१२. पशुपालनमा हुने जोखिम न्यूनिकरण गर्न पशुबीमालाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

१३. उत्पादित दूधलाई विविधीकरण गर्न र दूध तथा दूधजन्य उत्पादनहरुको बजार प्रवर्द्धन गर्न लोगो निर्माण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ।

१४. पन्छीलाई उद्योग र सहकारी एवं समूहहरुलाई उद्योगी बनाउने नीति लिइनेछ।

## १०. सहकारी, गरिबी न्यूनिकरण तथा उद्यमशीलता विकास सम्बन्धी नीति

***"समुदायमा आधारित सहकारी घरघरमा रोजगारी"***

१. नगर क्षेत्रमा रहेका विभिन्न समूहहरुलाई सहकारीताको माध्यमबाट शहरी गरिबी न्यूनिकरण एवं सामाजिक पूँजी निर्माणमा जोड दिइने नीति लिइनेछ।

२. समुदाय वा सामुदायिक संस्थामा रहेको रकमलाई सहकारीकरण गरी आयमुलक कार्यक्रममा परिचालन गर्न गराउन जोड दिइने नीति अवलम्बन गरिनेछ।

३. एक व्यक्ति एउटा सहकारी संस्थाको मात्र सदस्य हुने सहकारी सिद्धान्त र मान्यता अनुसार सहकारीको संख्या बढाउने कार्यलाई निरुत्साहित गर्दै, सञ्चालनमा रहेका सहकारीहरुको क्षमता विकास तथा संस्थागत सुदृढीकरण गर्ने गराउने तर्फ प्रोत्साहित गर्ने नीति लिइनेछ ।

४. सबै टोल बस्तीमा रहेका बेरोजगार तथा न्यून आय भएका व्यक्तिहरुलाई उत्पादक सहकारीसँग आबद्ध गरी स्वरोजगारमुलक व्यवसाय सञ्चालन गर्न प्रेरित गर्ने नीति रहनेछ ।

५. उत्पादनमूलक सहकारीलाई स्वरोजगार कार्यक्रम अन्तर्गत सञ्चालन गर्ने गरी कृषि, पशुपन्छी पालन, घरेलु तथा कुटीर उद्योग, कारिगढी र शिप अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न गराउन प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।

६. दुई वा दुईभन्दा बढी सहकारीहरुले एक आपसमा सम्झौता गरी रोजगारी सिर्जना गर्ने मझौला तथा ठूला उद्योग व्यवसाय सञ्चालन प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

७. सहकारी संस्थाहरुको संस्थागत क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न नियमन गर्नका लागि आवश्यक ऐन कानून निर्माण गरी व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ ।

८. लघु उद्यम विकास कार्यक्रम को माध्यमबाट गरिबी न्यूनिकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

## **११. स्वास्थ्य सम्बन्धी नीति**

***"स्वास्थ्य बीमा, निशुल्क उपचार : आधारभूत स्वास्थ्य, जनताको अधिकार"***

१. नेपालको संविधानमा उल्लेख भएको स्वास्थ्य सम्बन्धी मौलिक हक आधारभूत स्वास्थ्य सेवा जनताको अधिकार भन्ने मान्यता र कार्यक्रमलाई कार्यान्वयन गर्दै स्थायीत्व प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।

२. सबै नगरवासीहरुलाई अनिवार्य स्वास्थ्य बीमामा आबद्ध गरिने नीति रहने छ ।

३. सूर्योदय नगरपालिका भित्र उपयुक्त ठाउँ छनौट गरी २५ शैयाको अस्पताल निर्माण गर्न सम्बन्धित निकायमा पहल गर्ने नीति अवलम्बन गरिनेछ ।

४. प्रत्येक स्वास्थ्य संस्थाबाट अनिवार्य रुपमा उपलब्ध गराउनुपर्ने स्वास्थ्य सेवा लाई चुस्तदुरुस्त र सहज ढंगबाट उपलब्ध गराउने नीति रहनेछ ।

५. नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य चौकीहरुमा क्रमश: वर्थीङ सेन्टर (प्रसुति केन्द्र) संचालन व्यवस्थाका लागि पहल गरिनेछ ।

६. सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुमा न्यूनतम स्वास्थ्य उपकरणको व्यवस्थाका लागि पहल गरिनेछ ।

७. सबै नगरवासीहरुलाई जनस्वास्थ्य प्रति जागरुक बनाउन नागरिक सचेतना कार्यक्रम संचालन गरिनेछ ।

८. आवश्यकता र औचित्यताका आधारमा समय समयमा विभिन्न स्वास्थ्य शिविर तथा योग शिविर संचालन गरिनेछ ।

९. औषधीजन्य वनस्पतिको रोपण तथा खेतीलाई प्रोत्साहन गरिनेछ ।

१०. नसर्ने रोगको उपचारका लागि गाउँ घर क्लिनिक सेवा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

११. पञ्चकर्म औषधी व्यवस्थापन विधिद्वारा उपचार गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१२. सूर्तिजन्य पदार्थ तथा मदिराको उत्पादन र विक्री वितरणमा कडाईका साथ नियमन गरिनेछ । अस्वस्थकर खानेकुराको उत्पादन, विक्री वितरणलाई निरुत्साहित गरिनेछ । यस्ता खानेकुराको सेवन नगर्न जनचेतना जगाइने छ । विषादी को जथाभावी प्रयोगमा नियन्त्रण गर्ने तथा स्थानीय स्तरमा अर्गानिक खानेकुराको उत्पादन र वितरणलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

१३. समुदायमा आधारित विभिन्न कार्यक्रमहरु सञ्चालन गरी मानसिक समस्याको रोकथाम, पहिचान, मनोविमर्श तथा नि:शुल्क उपचारको व्यवस्था मिलाउने नीति लिइनेछ ।

१४. २ वर्षभित्र घरभित्रको धुँवारहित नगरपालिका बनाउने अभियान संचालन गर्ने नीति लिइनेछ।

१५. विद्यालयभित्र र बाहिर किशोरकिशोरीहरुलाई यौन तथा प्रजनन, स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

१६. स्वास्थ्य चेतना अभिवृद्धि गर्ने तथा जीवन शैलीमा सकारात्मक परिवर्तन ल्याउने कार्यक्रम संचालन गरिनेछ। व्यायाम, योग, मनोरञ्जनलाई जीवनशैलीको अंग बनाउन सार्वजनिक रुपमा व्यायाम र मनोरञ्जन केन्द्रहरु संचालन गर्न समुदाय तथा सामुदायिक संस्थाहरुलाई प्रोत्साहित गरिनेछ।

१७. प्राथमिक स्वास्थ्य केन्द्र पशुपतिनगर र फिक्कलमा पोस्टमार्टम गर्न डाक्टरको सहयोगीको रुपमा काम गर्न चाहने इच्छुक नेपाली नागरिकलाई तालिमको व्यवस्था मिलाई परिपूर्ति गरिने छ।

१८. अवैधानिक रुपले विक्री वितरण गर्ने आयुर्वेदिक औषधीहरुलाई निरुत्साहित गरिनेछ।

१९. पशुपतिनगरमा हेल्थ डेक्स राखिनेछ।

२०. गाउँघर क्लिनिक सञ्चालन गर्ने स्थानहरुलाई क्रमशः व्यवस्थित बनाउँदै लगिनेछ।

२१. बालबालिकाहरुलाई कुपोषणबाट जोगाउन सु-आहारा सचेतना कार्यक्रम सञ्चालन गर्ने गराउने नीति रहनेछ।

२२. मानसिक तथा मनोसामाजिक स्वास्थ्यको अभिवृद्धि तथा मानसिक स्वास्थ्य समस्याको रोकथाम तथा उपचारको लागि विभिन्न कार्यक्रम तथा क्रियाकलाप गर्ने नीति लिइनेछ।

## १२. शिक्षा नीति

***गुणस्तरीय प्राविधिक र व्यावहारिक शिक्षा: नैतिकवान र सक्षम जनशक्ति उत्पादन हाम्रो आकांक्षा"***

१. संविधानले तोकेबमोजिम माध्यमिक तहको शिक्षाको व्यवस्थापन गर्न केन्द्र र प्रदेशसँग आवश्यक समन्वय गरी केन्द्रीय शिक्षा नीति एवं मापदण्डको अधिनमा रही आवश्यकता अनुसार नीति, नियमावली तथा निर्देशिका निर्माण गर्ने नीति लिइनेछ।

२. सूर्योदय नगरपालिका क्षेत्रभित्रका कुनै पनि बालबालिका गरिबीकै कारणबाट कम्तीमा आधारभूत तह सम्मको शिक्षा प्राप्त गर्ने अवसरबाट बञ्चित हुन नपर्ने नीति अवलम्बन गरिनेछ।

३. आधारभूत तह सम्मका लागि यस नगरको सामाजिक, आर्थिक, सांस्कृतिक, समस्या सम्भावनालाई समेटी स्थानीय स्तरको नगदेबाली, स्थानीय संस्कार संस्कृति समेत समावेश भएको पाठ्यक्रम तयार गरी अनिवार्य रुपमा पठनपाठन गर्ने गराउने नीति २०७५/७६ बाट शुरु गरिनेछ।

४. आधारभूत तह देखि नै कम्प्युटर शिक्षालाई अनिवार्य शिक्षाको रुपमा मूल प्रवाहीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

५. सबै विद्यालयमा सूचना तथा संचार प्रविधिलाई अनिवार्य गर्न क्रमश: इ-लाइब्रेरी स्थापना गर्दै लैजाने नीति लिइनेछ।

६. अनिवार्य तथा निशुल्क शिक्षा सुनिश्चित गर्न गुरुकुल, विहार, गुम्बा, मदरसा खुल्ला एवं वैकल्पिक शिक्षा कार्यक्रमलाई राष्ट्रिय शिक्षा प्रणालीमा आबद्ध गर्न पहल गरिनेछ।

७. आगामी २ वर्षभित्रमा सबै प्रारम्भिक बालशिक्षालाई बालबालिकामैत्री पूर्वाधार निर्माण गरिसक्ने नीति अवलम्बन गरिनेछ।

८. निश्चित सुचकांकका आधारमा कुनै एक विद्यालयलाई छनौट गरी नमुना विद्यालय बनाइनेछ र यसलाई क्रमश: विस्तार गरिनेछ।

९. सबै किसिमका विद्यालयहरुको नियमित अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

१०. निजी विद्यालयहरुको नियमन गर्ने नीति अवलम्बन गरिनेछ।

११. प्रत्येक शिक्षकले बालबालिकाको पढाई र सिकाईसँग सम्बन्धित भएर कक्षाको लागि छुट्याइएको समय अवधिभरि कक्षाकोठामा बिताउनुपर्ने अवस्थाको श्रृजना गर्ने नीति अवलम्बन गरिनेछ।

१२. करफोक विद्या मन्दिरमा संचालित प्राविधिक शिक्षा बाली विज्ञानको साथसाथै चिया विषयमा समेत अध्ययन अध्यापन गर्न गराउन आवश्यक पहलगरिनेछ।

१३. हिंसापिडित, बहिस्कृत र फरक क्षमता भएका व्यक्तिहरुलाई प्राविधिक शिक्षा अध्ययन गर्ने व्यवस्था मिलाउने नीति लिइनेछ।

१४. नगरपालिका क्षेत्रमा रहेको एकमात्र करफोक क्याम्पसमा होटल व्यवस्थापन तथा पर्यटन विषय समेत संचालन गर्न गराउन आवश्यक सहयोग, समन्वय तथा पहल गर्ने नीति अवलम्बन गरिनेछ।

१५. विद्यालयको भौतिक संरचना क्रमश: भूकम्प प्रतिरोधी तवरले निर्माण गर्दै लैजाने नीति लिइनेछ।

१६. विद्यार्थीले विद्यालय बिचमै छाड्ने कार्य (Dropout) लाई अध्ययन गरी निरुत्साहित गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।

## १३. खेलकूद तथा अतिरिक्त क्रियाकलाप

***"सक्षम खेलाडी, प्रतिष्पर्धी खेल"***

१. नगरस्तरीय खेलकूद समितिलाई नियमानुसार पूनर्गठन गरिनेछ।

२. सबै नगरवासीको शारीरिक तथा मानसिक स्वास्थ्य तन्दुरुस्त राख्न, सामुहिक भावना विकास गर्न र अनुशासित तथा मर्यादित जीवनयापन गर्न सिकाउने उद्देश्यले सबैलाई कुनै न कुनै खेलकुदमा भाग लिनुपर्ने नीति अवलम्बन गरिनेछ।

३. विद्यालय स्तरमा र विद्यालय बाहिर हुने खेलकूद तथा अतिरिक्त क्रियाकलापको वार्षिक कार्यतालिका निर्माण गरी १२ महिना १२ क्रियाकलापको सञ्चालनको व्यवस्था मिलाइने नीति रहनेछ।

४. ३० वर्षभन्दा माथिका महिलाहरुलाई लक्षित गरीनगरस्तरीय एथ्लेटिक्स प्रतिष्पर्धा संचालन गरिने नीति लिइनेछ।

५. निश्चित खेलहरु समावेश गरी ४० वर्षभन्दा माथिका कृषकहरुलाई लक्षित गरी नगरस्तरीय किसान ओलम्पिक संचालन गरिनेछ।

६. नगरक्षेत्रमा रहेका खेलमैदानहरुको क्रमश: स्तरवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

७. करफोक विद्या मन्दिरमा रहेको खेलमैदानलाई अन्तर्राष्ट्रिय खेल मैदान तथा रंगशालाको रुपमा क्रमश: विकास गर्ने नीति रहनेछ।

८. अन्तरंग खेलकूद (Indoor Game) का लागि कवडहल निर्माण गर्नको लागि अध्ययन गरिनेछ।

९. खेलकूदका साथसाथै विद्यालयस्तरीय र विद्यालय बाहिर समेत साहित्य, कला तथा हाजिरीजवाफ जस्ता क्रियाकलापहरु संचालन गर्ने गराउने नीति रहनेछ।

## १४. लैङ्गीक समानता तथा समावेशीकरण सम्बन्धी नीति

***"समतामूलक समाजको आधार: लैङ्गीक समानता तथा समावेशी विकासको प्रयास"***

१. दलित, आदिबासी/जनजाती, आर्थिक एवं सामाजिक रुपले पिछडिएका, विपन्नवर्ग, महिला, बालबालिका सम्बन्धी नगरस्तरीय संजालको क्षमता विकास सम्बन्धी कार्यलाई प्राथमिकता दिइने छ।

२. लक्षित वर्गका कार्यक्रमहरु संचालन गर्दा क्षमता विकास, साना पूर्वाधार, सीपविकास, प्रविधि हस्तान्तरण, सचेतना तथा संस्कृति संरक्षण र विकास जस्ता कार्यक्रम समानुपातिक ढगंले संचालन गर्ने गराउने नीति लिइने छ।

३. तेश्रो लिंगीहरुको समाजमा मर्यादित र व्यवस्थित जीवनका लागि क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

महिला

सामाजिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा पछि परेका महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपाङ्ग तथा उमेरका आधारमा निस्क्रिय अवस्था तर्फ उन्मुख जेष्ठ नागरिकहरुलाई सकारात्मक विभेदका आधारमा विकासमा सबैलाई

सहभागी हुने अवसर प्रदान गरी समग्र विकास प्रक्रियामा सबै वर्ग, तह, क्षेत्र, समुदायको योगदानलाई साझा प्रयासमा समाहित गर्ने नीति अवलम्बन गरिने छ।

१. नेपालको संविधानले महिलाहरुको निमित्त प्रत्याभूत गरेका अधिकारहरुको कार्यान्वयन गरिने नीति रहनेछ। नगरक्षेत्रमा संचालन हुने हरेक अवसर तथा गतिविधिमा चालिस प्रतिशत महिला सहभागिता गराइनेछ।
२. महिलाहरुको आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तनका लागि क्रमश: योजना तथा कार्यक्रमहरु संचालन गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।
३. महिलाहरुलाई स्वरोजगार र आत्मसम्मानित बनाउनका लागि महिलाहरुको नाममा दर्ता हुन आउने उद्योग व्यवसायमा ३५ प्रतिशत शुल्क छुट दिने नीति अवलम्बन गरिनेछ।
४. महिला हिंसा तथा घरेलु हिंसामा परेका महिलाहरुको सहयोगको निमित्त मनोसामाजिक विमर्शकर्ता तथा सीपविकास सहितको पूनर्स्थापना केन्द्रको व्यवस्था गर्ने पहल गरिनेछ।
५. महिलाहरुलाई व्यावसायिक बनाउन सबै वडामा उद्यमशीलता तालिम संचालन गर्ने गराउने नीति अवलम्बन गरिनेछ।
६. मानवअधिकार, महिला अधिकार, मानव बेचविखन विरुद्धका कार्यक्रमहरु सरोकारवाला संघसंस्थाहरुको समन्वय गरी संचालन गरिनेछ।
७. महिलाहरुमा हुने वा हुनसक्ने स्वास्थ्य समस्याको जटिलताका आधारमा क्रमश: स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
८. महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने नीति रहनेछ।

बालबालिका

१. बालबालिकालाई भविष्यको कर्णधारको रुपमा होइन वर्तमानमा विकासको साझेदारको रुपमा लिइनेछ। बालबालिकाहरु सँग सम्बन्धित विषयको नीति कार्यक्रम बनाउँदा बालबालिकाहरुको संस्थागत सहभागिता गर्ने गराउने नीति अवलम्बन गरिनेछ।
२. नगरलाई बालश्रम मुक्त नगर घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
३. बालबालिकाको चौतर्फी विकासका लागि उनीहरुकै सहभागिता तथा अगुवाईमा विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने गराउने नीति रहनेछ।
४. वि.सं. २०७७ साल सम्ममा नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने गरी कार्यक्रमहरु संचालन गरिनेछ।
५. बालबालिकामा पर्न सक्ने मनोसामाजिक असर प्रभावलाई कम गर्न सामुदायिक विद्यालयका बालमैत्री कक्षा शिक्षक र बालविकास केन्द्रको सहयोगी शिक्षिकालाई सामाजिक मनोचिकित्सा सम्बन्धी प्रशिक्षण तालिम संचालन गर्ने नीति लिइने छ।

जेष्ठ नागरिक

१. नगर क्षेत्रभित्र रहनुभएका ८० वर्षभन्दा माथिका जेष्ठ नागरिकहरुको तथ्यांक संकलन गरिनेछ।
२. जेष्ठ नागरिकहरु सँग भएको ज्ञान तथा अनुभव पुस्ता हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।
३. नेपाल सरकारबाट उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ताको रकम बैंकमार्फत सहज रुपमा जेष्ठ नागरिकहरुले पाउने व्यवस्था मिलाइनेछ।
४. जेष्ठ नागरिकहरुको स्वास्थ्य जटिलतालाई ध्यानमा राखी क्रमश: स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
५. प्रत्येक वडा समिति मार्फत क्रमश: प्रत्येक टोलवस्तीमा जेष्ठ नागरिक चौतारी क्रमश: निर्माण गरिने नीति अवलम्बन गरिनेछ।
६. दिवा सेवा केन्द्र स्थापना वडास्तरमा सञ्चालन गर्न अध्ययन गरिनेछ।

७. जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गर्ने गराउने नीति रहनेछ ।

८. जेष्ठ नागरिक परिचयपत्र सहज रुपमा उपलब्ध गराउने प्रबन्ध गर्ने नीति रहनेछ ।

९. आफ्नो घरका जेष्ठ नागरिकहरुलाई उत्कृष्ट हेरचाह गर्ने परिवारका सदस्यलाई छनौट गरी वार्षिक रुपमा सम्मानित गर्ने नीति अवलम्बन गरिनेछ ।

दलित

१. जातीय भेदभाव तथा छुवाछुत कसुर सजाय ऐन २०६८ को प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

२. दलित समुदायका परम्परागत पेशा, कला र सीप संरक्षण सम्वर्द्धन गर्दै तिनको क्रमश: आधुनिकीकरण र व्यवसायीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

३. दलित वर्गको दिनदैनिकी सहज बनाउने, सचेतना तथा सीपविकास जस्ता कार्यक्रम सञ्चालन गर्ने गराउने नीति रहनेछ ।

४. नगरक्षेत्रमा रहनुभएका दलित समुदायको स्थिति तथ्यांक तयार गर्ने नीति लिइनेछ ।

आदिवासी जनजाति

आदिवासी जनजातिहरुको संविधान प्रदत्त अधिकारलाई सुनिश्चित गर्दै आर्थिक, सामाजिक एवं सांस्कृतिक विकासका साथै भाषा, संस्कृति, परम्परा र पूर्ख्यौली सीपको संरक्षण, प्रवर्द्धन गर्ने नीति रहनेछ ।

लोपोन्मूख

लोपोन्मुख जातिमा सूचिकृत रहेको लेप्चा जातिहरुको आर्थिक, सामाजिक, सांस्कृतिक संरक्षण तथा प्रवर्द्धन गर्दै लेप्चा भिलेज निर्माणको अध्ययन गरिनेछ ।

अपाङ्ग

अपाङ्गहरुको चौतर्फी विकास कार्य गर्न नगरपालिका र विकासको साझेदार संस्था करुणा फाउण्डेसनको साझेदारीमा अपाङ्ग लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति रहनेछ ।

युवा

१. युवाहरुलाई रुपान्तरणको सम्वाहक र नेतृत्वको साझेदारको रुपमा विकास गर्दै सामाजिक, राजनितिक र आर्थिक क्षेत्रका समग्र जिम्मेवारी सम्हाल्न युवा नेतृत्वको विकास गर्ने गराउने प्रयास गरिनेछ । उद्यमशीलता विकास गरी युवाहरुलाई स्वरोजगार तर्फ आकर्षित गरिनेछ ।

२. युवाहरुको सिर्जनशील उर्जा, सम्भावनाको विकासका लागि वातावरण निर्माण गरि हिंसा, दुर्व्यसन र अराजकतामा युवाहरुलाई दुरुपयोग गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्ने गराउने नीति रहनेछ ।

श्रम र श्रमिक

१. नगरपालिका क्षेत्रमा रहेका संगठीत उद्योगधन्दामा कार्यरत कामदारहरुका लागि नेपाल सरकारले तोकेको न्यूनतम ज्याला लागु गर्ने गराउने नीति लिइनेछ ।

२. नगरक्षेत्रमा रहेका संगठीत र असंगठीत क्षेत्रमा रहेका वास्तवमै शारीरिक श्रम गर्ने मजदुरहरुलाई परिचयपत्र उपलब्ध गराउन अध्ययन गरिनेछ ।

३. श्रमिकहरुलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउन पहल गरिनेछ ।

## १५. सामाजिक परिचालन तथा सामाजिक सशक्तीकरण

*"सामाजिक परिचालनको आधार: सक्षम समुदायको निर्माण"*

१. विगतमा नेपाल सरकारले दाताहरुको सहयोगमा संचालन गरिएको सामाजिक परिचालन कार्यक्रमलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ।

२. सामाजिक परिचालनको माध्यमबाट सामाजिक, आर्थिक रुपले पछि परेका समुदायहरुको सशक्तीकरण गरी विकासको मूल प्रवाहमा समाहित गर्ने नीति अवलम्बन गरिनेछ।

३. वडा समितिहरुसँग समन्वय गरी टोल विकास संस्था निर्माण तथा परिचालन अभियानको रुपमा संचालन गरिनेछ।

४. सामाजिक परिचालनको माध्यमद्वारा टोल विकास संस्थाहरुलाई आफ्नो क्षेत्रमा हुन सक्ने सबै विकास निर्माणका कार्यहरुमा अगुवाई गर्न सक्षम बनाउने नीति रहने छ।

५. हाल कार्यरत सामाजिक परिचालकहरुको कार्य मुल्यांकन गरी निजहरुको सेवाको निरन्तरता निर्धारण गरिनेछ। अर्को व्यवस्था नभएसम्म सामाजिक परिचालकको नयाँ छनौट नगरिने नीति अवलम्बन गरिनेछ।

६. समाजमा हुने सानातिना विवाद फौजदारी प्रकृति बाहेकका विवाद स्थानीय स्तरमा नै मध्यस्तताको माध्यमद्वारा मेलमिलाप गर्ने गराउने वडास्तरीय संयन्त्र परिचालन गरिनेछ।

## १६. गैर सरकारी संस्था

***"गैर सरकारी संस्था विकासका साझेदार"***

१. गैर सरकारी संस्था नियमन सम्बन्धी ऐन नियम निर्माण गर्ने नीति रहनेछ।

२. गैरसरकारी संस्थाले नगरपालिकाको नीति कार्यक्रममा सहयोग पुऱ्याउने खालका कार्यक्रम मात्र संचालन गर्न स्वीकृति दिने नीति अवलम्बन गरिनेछ।

३. गैर सरकारी संस्थालाई विकासका साझेदारको रुपमा व्यवहार गर्ने नीति अवलम्बन गरिनेछ।

## १७. वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

***"दिगो विकासको आधार, भावी सन्ततिको अधिकार"***

वातावरण संरक्षण

१. सूर्योदय नगरपालिकाको वनक्षेत्रलाई आगामी ५ वर्षभित्र ५०% पुऱ्याइने छ।

२. राष्ट्रिय राजमार्गको क्षेत्राधिकार भित्र ग्रिन बेल्ट घोषणा गरी वृक्षरोपण कार्यक्रम संचालन गरिनेछ।

३. सामुदायिक वन तथा समुदायकव सहयोगमा एक वडा एक नर्सरी कार्यक्रम क्रमश: सञ्चालन गरिनेछ।

४. जलवायु परिवर्तनलाई न्यूनिकरण गर्न एव वडा एक पोखरीको कार्यक्रम सञ्चालन गर्ने नीति रहनेछ।

५. नगरपालिकाबाट सञ्चालन गरिने पूर्वाधार निर्माणका कार्यहरुलाई वातावरणमा संरक्षणसँग आबद्ध गरिनेछ।

६. वातावरण मैत्री घरको सूचक निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

७. टोल विकास संस्थाबीच वातावरण मैत्री टोलको अवधारणा अनुसार प्रतिष्पर्धा गराई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।

८. सामुदायिक वन,नीजि वन तथा अन्य वनहरुको नक्सांकन गरिनेछ।

९. वनलाई वातावरण संरक्षण सँगसँगै आयआर्जनसँग जोडेर सदुपयोग गर्ने नीति अवलम्बन गरिनेछ।

१०. नदी, खोल्सा किनाराको दुवै तर्फको २० मिटर भूमिमा रुख तथा बोटविरुवा कटानलाई पूर्ण प्रतिबन्ध लगाउने नीति अवलम्बन गरिनेछ।

११. खोला, नदीमा विद्युतीय करेन्ट र विषादी प्रयोग गरी माछा मार्ने कामलाई निरुत्साहित गरी अटेर गर्नेलाई दण्ड जरिवाना गर्ने नीति रहनेछ।

१२. नगरवासीले आफ्नो नम्बरी आवादीको रुख कटान गर्नुपरेमा ३३" भन्दा कम गोलाई भएको कुनैपनि रुख कटान गर्न पाउनेछैन। सरपट कटानीलाई निषेध गरिनेछ। वडा समितिको उपस्थितिमा सर्जमिन सिफारिसको आधारमा नगर कार्यपालिकाको स्वीकृतिविना छपान कटान गर्न पाइनेछैन।

१३. एक रुख कटानी गरेबापत कटानी गर्ने गराउनेले कम्तीमा दुई विरुवा हुर्काउनु पर्ने नीति अवलम्बन गरिनेछ।

१४. पञ्चकन्या मन्दिरको छेउमा रहेको सार्वजनिक जमिनमा जडिबुटी प्रजातिका बिरुवा लगाई बोटानिकल गार्डेनको रुपमा विकास गरिनेछ।

१५. यस क्षेत्रमा रहेको जैविक विविधताको संरक्षण, विकास गर्न प्रकृति संरक्षण कोषको सहयोग र सहकार्यमा जैविक विविधता अनुसन्धान केन्द्र,स्थापना तथा संचालनका लागि पहल गर्ने नीति रहनेछ।

१६. वन क्षेत्रभित्र रहेका चिजवस्तु, बिरुवा, जनावर सँग सम्बन्धित भएर अध्ययन अनुसन्धान गर्न चाहनेले पेश गर्ने प्रस्तावनालाई प्रकृति संरक्षण कोषको सिफारिसमा मात्र अनुमति प्रदान गरिनेछ। कुनैपनि विदेशी नागरिकलाई कुनै पनि कार्यका लागि वनक्षेत्रमा प्रवेश निषेध गर्ने नीति रहनेछ।

१७. एक नगर एक उद्यान कार्यक्रमलाई वडा वडासम्म विस्तार गर्न वडा समितिहरुलाई प्रोत्साहित गरिनेछ।

१८. सडकछेउका उपयुक्त स्थलमा स-साना उद्यान (बगैंचा)निर्माण गर्ने गराउने नीति अवलम्बन गरिनेछ।

विपद व्यवस्थापन

१. प्राकृतिक वा मानवीय कुनैपनि कारणबाट हुन सक्ने सम्भाव्य विपदबाट बच्न बचाउन सचेतना कार्यक्रम संचालन, CRRT (समुदायमा आधारित सहयोग टोली) टोलबस्ती स्तरमा निर्माण तथा परिचालन गरिनेछ।

२. सम्भाव्य विपदबाट हुने क्षति कम गर्न आवश्यक पर्ने न्यूनतम यन्त्र, साधन तथा औजारहरुको उचित व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ।

३. विपद् उद्दारमा सबैभन्दा पहिला पुग्ने सुरक्षा निकायहरुमा उद्दारका लागि आवश्यक सामग्रीयुक्त बनाउने नीति अवलम्बन गरिनेछ।

४. विपद् व्यवस्थापनलाई 3C को सिद्धान्त (समन्वय, सहयोग तथा नियन्त्रण) का आधारमा संचालन गरिनेछ।

## १८. फोहरमैला तथा सरसफाई सम्बन्धी नीति

***"फोहरमैलाको उचित व्यवस्थापन, सभ्यताको मापन"***

१. फोहर जसले गर्दछ मूल्य उसैले तिर्नुपर्दछ र फोहरबाट मोहर बनाउने नीतिलाई अवलम्बन गर्दै नगर क्षेत्रमा उत्सर्जन हुने फोहरमैलालाई व्यवस्थित व्यवस्थापन गरिनेछ।

२. फोहरमैला नै उत्पादन नगर्ने, गरेपनि न्यून गर्ने, त्यसलाई पून: प्रयोग गर्ने कार्यलाई व्यवहारमा अवलम्बन गर्न सरोकारवालाहरुको सहयोग र सहभागितामा सीपमुलक, सचेतनामुलक कार्यक्रम संचालन गर्ने गराउने नीति लिइनेछ।

३. यस नगरपालिकामा प्लाष्टिक झोला पूर्ण निषेध गर्ने नीति लिइनेछ।

४. फोहरमैला उत्सर्जन स्थलमा नै कुहिने र नकुहिने फोहर छुट्याउने र कुहिने फोहरलाई मल बनाई करेसाबारीमा प्रयोग गर्ने गराउने र बजारक्षेत्रमा करेसाबारी प्रतियोगिता र डस्टविन सफा राख्ने मुल्यांकन जस्ता प्रतियोगिता संचालन गरी पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।

५. वडास्तरमा उत्सर्जन हुने फोहर वडास्तरमा नै संकलन केन्द्र तथा श्रोतमा नै प्रकृति अनुसार छुट्याउन व्यवस्था मिलाउन वडा समितिहरुलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।

६. फोहरमैला प्रशोधन केन्द्रको निर्माण तथा संचालन गरिनेछ।

७. नगरक्षेत्रमा उत्सर्जन हुने फोहरमैलालाई सार्वजनिक निजी साजेदारीको माध्यमद्धारा व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ।

८. सूर्योदय नगरपालिका क्षेत्र खुला दिशामुक्त क्षेत्र घोषणा भइसकेकोले सार्वजनिक स्थलहरुमा स्थानीय समुदायबाटै व्यवस्थापन हुने गरी शौचालयहरु निर्माण गर्ने गराउने नीति रहनेछ।

९. जनावरले निष्कासन गर्ने विष्टाको उचित व्यवस्थापन गर्ने र त्यसबाट अरुलाई दुर्गन्ध फैलाउने तथा रोगको बाहक बनाउने कार्यको जिम्मेवारी र जवाफदेहिता सम्बन्धित जनावरको धनी नै हुनुपर्ने नीति अवलम्बन गरिनेछ।

१०. आनीबानी परिवर्तन सहितको पूर्ण सरसफाई अभियान सञ्चालन गरिनेछ।

११. घोडचढी व्यवसाय र बंगुरपालन व्यवसायलाई व्यवस्थित गर्ने गराउने नीति लिइनेछ।

१२. फोहरमैला व्यवस्थापन ऐन २०६८ र नियमावली २०७० को पूर्ण कार्यान्वयन गरिनेछ।

## १९. संस्थागत क्षमता विकास तथा सार्वजनिक सेवा प्रवाह नीति

***"सुदृढ संस्थागत क्षमता सेवा प्रवाहमा पारदर्शीता र चुस्तता"***

संगठनात्मक व्यवस्थापन

१. सेवा प्रवाह गर्ने संस्था नगर कार्यपालिकाको कार्यालय र वडा समितिहरुलाई सेवा प्रवाह गर्न न्यूनतम आवश्यक पर्ने श्रोत र साधनको व्यवस्था गर्ने नीति अवलम्बन गरिने छ।

२. नगर कार्यपालिका तथा वडा कार्यालयहरुको कार्यप्रकृति तथा वडा कार्यबोझका आधारमा सकेसम्म थोरै भन्दा थोरै जनशक्तिबाट सेवा प्रवाह गर्ने नीति अवलम्बन गर्दै संगठनात्मक संरचनाको ढाँचा तयार गरी मन्त्रालयको सल्लाह सुझावमा लागु गरिनेछ।

३. नगरपालिकाबाट प्रवाह हुने सेवा सकेसम्म सबै सेवा वडा कार्यालयबाट उपलब्ध गराइने नीति अवलम्बन गरिनेछ।

४. सबै वडा कार्यालयहरुलाई नगर कार्यपालिकाको कार्यसञ्जालसँग एकीकृत गरिने नीति अवलम्बन गरिनेछ।

५. नागरिक वडापत्रलाई समयसापेक्ष अध्यावधिक गरी प्रयोगमा ल्याइनेछ । साथै २ वर्षभित्र कानून निर्माण गरी क्षतिपूर्ति सहितको नागरिक वडापत्र कार्यान्वयनमा ल्याइनेछ।

६. आफ्नो भवन नभएका वडा कार्यालयरहरुको भवन निर्माणका लागि वडा समितिले जग्गा उपलब्ध गराएमा क्रमश: वडा कार्यालय भवनहरु निर्माण गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।

७. नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई उनीहरुले सम्पादन गरेको कामको आधारमा पुरष्कृत र दण्डित गर्ने नीति अवलम्बन गरिनेछ।

८. आम जनता तथा सेवाग्राहीको गुनासो सम्बोधन गर्न स्थानीय एफ.एम. रेडियोबाट हप्तामा एकपटक "हेल्लो नगरपालिका" कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिनेछ।

९. छिटो छरितो सेवा प्रवाहका लागि क्रमश: एउटै छातामुनिबाट सेवा प्रवाह गर्ने र टोकन प्रणाली लागु गर्ने नीति रहनेछ।

१०. नगरपालिकाका महत्वपूर्ण निर्णयहरुको प्रकृति हेरी रेडियो, फेसबुक पेज तथा वेबसाइटमा सार्वजनिक गरि राखिनेछ।

११. नियमित प्रगति समीक्षा, सार्वजनिक सुनुवाई, लैंगिक प्रशिक्षण जस्ता कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

१२. एकीकृत घुम्ती सेवा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

१३. नगरपालिकालाई आवश्यक पर्ने ऐन नियम, कार्यविधि तथा निर्देशिकाहरु संघीय कानून तथा प्रादेशिक कानून सँग नबाझिने गरी निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

१४. सूर्योदय नगरपालिकाको श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०७४ लाई कडाईका साथ पालना गर्ने गराउने नीति अवलम्बन गरिनेछ।

१५. सेवा प्रदायक संस्था, नगर कार्यपालिका, वडा समितिको कार्यालय, विषयगत इकाईका कार्यालयको काम कारबाहीमा पारदर्शीता र जवाफदेहिता अभिवृद्धि गर्न निरन्तर अनुगमन सुपरिवेक्षण गर्ने नीति अवलम्बन गरिनेछ।

१६. नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरु र कर्मचारीहरुको आचारसंहिता निर्माण गरी कार्यान्वयन गरिनेछ।

१७. नगरपालिकाबाट सञ्चालन हुने कार्यक्रमहरुमा थप प्रभावकारीता ल्याउन गैरसरकारी संस्था फोकल डेस्क स्थापना गरी नगरको विकास निर्माण कार्यमा गैर सरकारी संस्था/सामुदायिक संस्थाहरुको भूमिकालाई थप प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ।

१८. नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका लागि अध्ययन अवलोकन भ्रमण तथा तालिम प्रशिक्षणको संचालन गर्ने नीति अवलम्बन गरिनेछ।

१९. नगरपालिका स्थापना भएको दिनलाई उत्सवको रुपमा मनाउने नीति अवलम्बन गरिनेछ।

२०. नगरपालिका क्षेत्रभित्र रहेका सरकारी, सामुदायिक संस्था तथा निकायहरुको नाममा रहेको सार्वजनिक सम्पत्ति,ऐलानी पर्ती सरकारी तथा सार्वजनिक जग्गाहरुको विवरण संकलन गरी संरक्षण गर्ने र सार्वजनिक हितमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

## वित्तीय व्यवस्थापन

१. स्थानीय तहको घोषणा सँगसँगै स्थानीय सरकारको रुपमा स्थापित नगरपालिकाले नेपालको संविधानको अनुसूची ८ मा रहेको एकल अधिकारको सूची र अनुसूची ९ मा रहेको साझा अधिकारको सूचीमा उल्लेखित वित्तीय श्रोत संकलनका क्षेत्रहरुको दायरा फराकिलो गरी बढीभन्दा बढी करदाताहरुलाई समेटी कानून बमोजिम कर, राजश्व, सेवाशुल्क, दस्तुर र दण्डजरिवाना संकलन गर्ने नीति अवलम्बन गरिनेछ।

२. संविधानले अधिकार दिएका क्षेत्रहरुबाट वित्तीय श्रोत संकलनका लागि त्यसको विस्तृत अध्ययन गर्ने गराउने नीति अवलम्बन गरिनेछ।

३. आयवृद्धिका लागि सीमाना जोडिएका गाउँपालिका तथा नगरपालिकासँग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ।

४. वित्तीय श्रोत संकलन तथा अभिवृद्धि गर्न सार्वजनिक नीजि साझेदारी नीति अनुरुप सहकार्यलाई विभिन्न कार्यक्रमका माध्यमबाट सघन रुपमा लैजाने नीतिको अधिनमा रही करका दायराहरु फराकिलो बनाउने र बढिभन्दा बढी क्षेत्र ओगट्ने नीति अवलम्बन गरिनेछ।

५. नगरपालिकाले उपलब्ध गराउने सबै सेवालाई शुल्क सँग आबद्ध गर्ने नीति अवलम्बन गरिनेछ।

६. नियमित रुपले सबैभन्दा बढी कर बुझाउने करदातालाई वार्षिक रुपमा सम्मान गर्ने नीति अवलम्बन गरिनेछ।

७. प्रत्येक व्यक्ति वा संस्थाले नगरपालिकालाई तिर्न बुझाउनु पर्ने सबै प्रकारका करहरुलाई एक अर्कासँग आबद्ध गरी सेवा प्रवाहसँग आबद्ध गरिनेछ। नगरपालिकालाई कुनैपनि किसिमको रकम तिर्न बुझाउन बाँकी भएकाले उक्त रकम नबुझाउन्जेल सम्म नगरपालिकाबाट पाउने सेवा सुविधा स्थगित राख्ने नीति अवलम्बन गरिनेछ।

८. करदाता पहिचानका लागि करदाता पासबुकको व्यवस्था गर्ने नीति रहनेछ।

९. नगरलाई आम्दानी हुने क्षेत्रको विकास र दिगोपनाको लागि लगानी गर्ने नीति अवलम्बन गरिने छ।